# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गैंडाकोट नगरपालिका
## नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गैंडाकोट नगरपालिका

## नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गैंडाकोट नगरपालिका

## नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. ७३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

गैडाकोट नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,

नवलपुर ।

१. कैफियत सहितको राय — हामीले गैडाको नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ,९३ लाख ७० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु २३ लाख ७२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ३४ लाख ७५ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५४ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु. ८० लाख ८९ हजार र पेश्की रु १० लाख समेत रु. १ करोड ७९ लाख ९८ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु.६ करोड १० लाख ८४ हजार बेरुजू बाँकी रहेकोमा रु ५ करोड ८८ लाख

९० हजार सम्परीक्षणबाट फछ्यौट भइ हालसम्मको अद्यावधिक बेरुजू रु. २ करोड १ लाख ९२ हजार रहेको छ । **गैडाकोट नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ** ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गैडाकोट नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गैडाकोट नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

जयराम घिमिरे

**नायब महालेखापरीक्षक**

गैडाकोट नगरपालिका,

नवलपुर, जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | ८४ | १९३७० | १ | १५ | २३७२ | ४९ | ६९ | १७९९८ | ३४७५ | ८०८९ | ५४३३ | ० | ० | १४५२३ | १००० |

नोटः छुट पेश्की बेरुजुलाइ बाँकी बेरुजुको महलमा थप गरी कायम गरिएको छ ।

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपुर | ६१०८४ | ० | ५८८९० | २१९४ | ० | १७९९८ | २०१९२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| | ०७९।८० | दफा २९ | प्राविधिक मुल्यांकन | ७०००० |
| | ०७९।८० | दफा २४ | कन्टिजेन्सी खर्च | ६९७२ |
| | ०७९।८० | दफा २५ | रीतपूर्वकको कर विजक | २२८९८६० |
| | ०७९।८० | दफा ३६ | जनश्रमदान | १४०२६ |

| | | | | |
|---|---|---|---|---|
| | ०७९।८० | **दफा ४५** | फर्निचर | १३८४२५ |
| | ०७९।८० | दफा ४७ | राजस्व दाखिला | ४०३१ |
| | ०७९।८० | दफा ५२ | कवाडी कर | ८३१८७ |
| | ०७९।८० | दफा ६६ | मुअकर फिर्ता | ३५८१९ |
| | ०७९।८० | दफा ६८ | स्यानीटरी प्याड | ६३७०३२ |
| | **जम्मा रकम** | | | **३२७९३५२** |
| | **प्रतिकृयाबाट थप** | | | **९०७२४६** |
| | **चालु वर्षको जम्मा** | | | **२३७२१०६** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **०७८।७९** | दफा ११.३ | नाफामुलक संस्थालाइ अनुदान | १८४४१२२ |
| | **०७८।७९** | दफा १८ | प्रमाण पेश | २१०००० |
| | **०७८।७९** | दफा २४ | शीर्षक फरक पारी खर्च | ८९०००७ |
| | **०७८।७९** | दफा २५ | अन्य निकायलाई सहयोग | १४५०६६ |
| | **०७८।७९** | दफा २६.१ | अनुगमन खर्च | १९६०० |
| | **०७८।७९** | दफा २७ | मुअकर | २००००० |
| | **०७८।७९** | दफा २९ | जिन्सी दाखिला | ४१८१२२ |
| | **०७८।७९** | दफा ३१ | परामर्श सेवा | ५२५९५ |
| | **०७८।७९** | दफा ३४ | ट्याककोटमा बढी भुक्तानी | २४७७६० |
| | **०७८।७९** | दफा ३५ | नम्स भन्दा बढी भुक्तानी | ७३६७ |
| | **०७८।७९** | दफा ३७ | जनश्रमदान | ४७५७५२ |
| | **०७८।७९** | दफा ३९ | सफ्टवयर खरिद | १२९२०५५ |
| | **०७८।७९** | दफा ४२.१ | जनश्रमदान | ४०३६६० |
| | **०७८।७९** | | पेश्की | २२५०००० |
| | **०७८।७९** | | भरपाई पेश नभएको | १२००० |
| | **जम्मा** | | | **८४६८१०६** |
| | **२०७७।७८** | | | **४४७७३४३६** |
| | **जम्मा** | | | **४४७७३४३६** |
| | **०७६।७७** | दफा २८ | कर कट्टी | ३४८०७ |
| | | दफा ३६ | नम्स भन्दा बढी भुक्तानी | ३०१२१ |
| | | दफा ४७ | शिक्षण सिकाइ वापतको रकम | ८८०० |
| | | दफा ४८.१ | नम्स भन्दा बढी भुक्तानी | १४३०७ |
| | | दफा ५७ | पेश्की फछ्यौट | २२९५६०० |
| | | दफा ५८ | विल भरपाइ पेश नभएको | ४६८६ |
| | **जम्मा रकम** | | | **२३८८३२१** |
| | **२०७५।७६** | दफा २३.१ | मु अ कर पेश नभएको | ४९२३७६ |

| | | | | |
|---|---|---|---|---|
| | | दफा २९ | भ्रमण खर्च | ६००० |
| | | दफा ४२ | पेश्की फछ्र्यौट | १४३००० |
| | **जम्मा रकम** | | | **६४१३७६** |
| | **०७४।७५** | दफा २६ | पेश्की फछ्यौट | **८००००** |
| | | दफा ५६ | निरिक्षण प्रतिवेदन | **१२०८१४८** |
| | | दफा ५७ | पटके खरिद | **१३३१४६४** |
| | **जम्मा रकम** | | | **२६१९६१२** |
| | **गत विगतको जम्मा** | | | **५८८९०८५१** |
| | **कुल जम्मा** | | | |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

**(क) कार्यालय परिचय :-** संघ प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेकोछ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८०

मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।११ देखि २०८०।९।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विषवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ , राजश्वतर्फ धरौटीतर्फ , अन्य कारोबारतर्फ , आय — व्ययतर्फ र सम्पत्ति तथा दायित्व तर्फको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४५६२४७.२९ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | ले प को क्रममा विभिन्न ८ निर्माण व्यसायीहरुको मु अ कर वापतको रकम ११३०१६५१.६७ राजस्व शिर्षक नं ३३३१४ बाट ३३३१७ (मु अ कर समायोजन नहुने खातामा) संशोधन गरी दाखिला भएको प्रमाण पेश भएको छ । | |
| २ | विद्यालयमा बढी निकासा रकम | १४४१९८ |
| ३ | सामाजिक सुरक्षा भत्ता | ३०२८४९.२९ |
| ४ | कर रकम | ९२०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गरेको ।

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ भई वितरणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरेको ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र इ टीडिएस गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा नतोकेको ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता अभिलेख राखेको तर कन्टिन्जेन्सी बजेट खर्च नभएकोले खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईयो ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको 60 जनाको दरबन्दी रहेकोमा 9 दरबन्दी रिक्त रहेको पाईयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गरेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू यस कार्यालयमा प्राप्त नभएको तर साविक वालिङ नगरपालिकाको मात्र पेश्की वेरुजुको लगत कायम भएकोले पेश्की वेरुजुहरु क्रमश सम्परिक्षण गरिएको

नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३ **वित्तिय विवरण** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही

ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

मलेप फा नं २७२ अनुसूचीमा संलग्न रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **सेवाप्रवाहको स्थिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २२० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ८७१५ |
| मृत्युदर्ता | २५७३ |
| बसाईसराई दर्ता | १६२६६ |
| विवाह दर्ता | ४५६८ |

| | |
|---|---|
| सम्बन्धविच्छेद दर्ता | ३३१ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | १७५८.९८ मिटर |
| ढलान सडक | ० |
| ग्राभेल सडक मर्मत | ४०६४९ मिटर |
| नया ट्याक निर्माण | २२२० मिटर |
| सडक सरसफाई | ५००० मिटर |
| पक्की नाला | १२०० मिटर |
| गोरेटो बाटो | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

५ **फरक हिसाब** -यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५०६०९१९०यस वर्षको प्राप्ति रु.५६६५९११३९ यस वर्षको भुक्तानी रु २८६४१७३६९ र बैङ्क मौज्दात रु ६३६५४२६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) | २७३८१०२३५ | ९५१८१९३८१ | १०३७६५५८५४ | १८७९७१८७९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३२४४१९४२५ | १५१८४१०५२८ | १३२४०७३२२३ | १९४३३७३०५ |
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| फरक | -५०६०९१९० | -५६६५९११३९ | -२८६४१७३६९ | -६३६५४२६ | |

६ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १३५ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने देखिन्छ। तसर्थ रिक्त पद यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

७ **वित्तीय विवरणको यथार्थता** -पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २५१५९५८३६, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १२२८९९५३, समेत गरी रु. २६३८८५७८९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

८ **कर्मचारी करार** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न (इन्जिनियर, कम्प्यूटर अपरेटर,सवारी चालक, वडाहरुमा कार्यालय सहयोगीहरु पदमा ३५ जना कर्मचारीहरु करारमा राखि रु. ९६ लाख खर्च लेखेको छ ।

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिन्छ। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१० **बजेट सीमा निर्धारण समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको

प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री शान्ति कोइराला मिति २०७९/०३/०८ गते रु. १,०२,३१,०२,००० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९/०३/१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ६८४५५००० | ५८१२५००० | ५८३ |
| २ | पूर्वाधार विकास | ४४०३४९००० | ३४२२४८००० | ३४.३३ |
| ३ | सामाजिक विकास | ४३८७०९००० | ४१२३०४००० | ४१.३६ |
| ४ | बातावरणतथाविपद विकास | १००००००० | २३००००० | ०.२३ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १९९०४००० | १४३९३००० | १.४४ |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १९१९००००० | १६७५९२३७६ | १६.८१ |
| **जम्मा** | | **११५९३१७०००** | ९९६९६२३७६ | १०० |

सैद्धान्तिक बेरुजु

१३ **बजेट तथा कार्यक्रम तर्जुमा** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१४ **अबण्डा बजेट** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १,२८,००,००० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मिति को निर्णयबाट पुजीगततर्फ रु १,२५,५५,००० सबै रकम खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१५ **रकमान्तर** -अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा वजेटमा पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख गरेको छ । यस पालिकाले आ व २०७९।८० को मिति २०७९।१०।१७ गतेको दोस्रो हिउँदे गाउँसभा बाट चालु तर्फ रु २१३२४००० र पूँजीगत तर्फ रु ४१४७६००० गरि जम्मा रु ६२८००००० रकमको बजेट रकमान्तर गरिएको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।साथै रकमान्तर रकममा समेत फरक परेको तथा नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ ।

१६ **कल्याण कोष —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक स्रोतबाट/राजश्व वाडफाँडबाट कर्मचारी कल्याण कोषमा रु. १५ लाख ट्रान्सफर गरेको छ।

१७ **खर्च विश्लेषण** -पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु ९२४९९१५०, राजस्व बाँडफाँड र अनुदानबाट रु ७२०२१७६३३ समेत रु ८१२७१६७८३ आम्दानी भएकोमा चालु तर्फ रु ५८४५३९०६५ र पूँजिगत तर्फ रु ४१२४२३३१० र बित्तिय ब्यबस्था तर्फ रु 0 समेत रु ९९६९६२३७६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २१.१२ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. २४१४०८४५ खर्च भएको छ जुन आन्तरिक आयको २६.०९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१.९२ प्रतिशत चालु र ५०.७ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि

खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१८ **आर्थिक सहायता** -सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु. ७५७७१६ आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिकाले आर्थिक सहायतामा रु ५१ लाख ८ हजार ५९४ खर्च लेखेको छ ।

१९ **बैंक हिसाब मिलान नगरेको** -स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखानियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा खेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

| सि नं | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| | ग १.१ आन्तरिक राजस्व खाता | ० | ० | ० |
| | ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| | ग १.३ आन्तरिक अनुदान खाता | ० | ० | ० |
| | ग २.२ चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| | ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| | ग २.७ विविध खर्च खाता | १६५३२६७७.५ | १६५३२६७७.५ | ० |
| | ग ३.१ स्धानीय तह धरौटी खाता | १२९०२३१४.८४ | १२९०२३१४.८४ | ० |

| | | | | |
|---|---|---|---|---|
| | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | १२६२३०४३३.८५ | १६०१७९२६९.५२ | ३३९४८८३६ |
| | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६७३८५२३. | १६७३८५२३. | ० |

२० **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४७ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ७ वटा नियमावली, २५ कार्यविधि, आचरसंहिता १ मापदण्ड २ लगायत ४५ वटा कानुन निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत तथा राजपत्रमा प्रकाशित गरि कार्यान्वयनमा ल्याएको छ ।

२१ **न्यायीक समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा दर्ता भएका १४८ वटा उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा मिलापत्र भएका १०२ वटा र न्यायीक समितिको निणर्य बमोजिम १ वटा अदालतमा सिफारिस गरि जम्मा १०३ वटा विवाद टुङ्गो लगेको छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो बर्ष थप भएको १४८ गरी कुल १५५ विवाद दर्ता भएकोमा १०३ वटा मात्र फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ .

२२ **बार्षिक खरिद योजना/गुरुयोजना** -सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ४१२४२३३१०। पुंजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको छैन । बार्षिक खरिद योजना तयार गरेको छैन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई थप व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२३ **योजना कार्यान्वयनको स्थिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा

नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति/निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १ | ९५००० |
| २ | रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना | २८३ | ७५०००००० |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | १३७ | १०२७५०००० |
| ४ | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | ७७ | ११५५००००० |
| ५ | रु.५० लाख भन्दा माथिका | १ | ७५००००० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि. ५० लाख सम्मका जम्मा ४९९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

२४ **कन्टिजेन्जसी खर्च** -गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायको काममा कन्टिजेन्सी वापतको रकम कट्टा नगरी सम्बन्धित पाटीलाई भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| मिति | विवरण | बढी भुक्तानी भएको रकम |
|---|---|---|
| ८६५।०८०।०३।२० | नागेश्वर टोल विकास संस्था | ११६९३ |
| जम्मा रकम | | ११६९३ |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२ ।९ को निर्णय अनुसार शंखदेव आवि** को रु ६,९७२ सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६९३ |

२५ **रीतपूर्वकको कर बिजक** -मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । निम्न भौचर र मितिबाट निम्न फर्मले जारी गरेको बिजक रितपुर्वक नरहेको देखियो । मूल्य अभिवृद्धि कर दर्ता भएको व्यक्तिले रितपूर्वकको बिजक पेश नगर्नु तथा कार्यालयले विल विजकको चेक जाँच गरी नियमावलीको पालना गर्ने तर्फ उचित ध्यान नदिनु नै यसको मुख्य कारण रहेको पाइन्छ । यसबाट भुक्तानी गरिएको कर रकम सरकारको राजस्वमा जम्मा नभई सरकारी आम्दानी घट्न जाने देखिन्छ । तसर्थ मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपूर्वकको कर बीजक जारी गर्ने र कार्यालयले भुक्तानी दिँदा सो को चेकजाँच गरी भुक्तानी दिनुपर्ने देखिन्छ । कार्यालयबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु–

| गो भौ नं मिति | पार्टीको नाम | प्यान नं | कामको विवरण | भ्याट बाहेकको रकम | भ्याट रकम |
|---|---|---|---|---|---|
| १७४।२०७९।०९।१४ | मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६०९८२६१७७ | वडा नं ३ बाटो बिस्तार | ८०३४४० | १०४४४७ |
| २८।२०७९।०६।१२ | मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६०९८२६१७७ | नाला खन्ने कार्य | ३९२७५० | ५१०५७ |
| **जम्मा** | | | | **११९६१९०** | १५५५०४ |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२ ।२० को निर्णयबाट* मनकामना कन्ट्रयाक्टर्स एण्ड बिल्डर्स प्रा लि को १२२९२२१ , रविन निर्माण सेवा को ५१,०६० र स्टोर ब्लक निर्माण पवन निर्माण को १,००९,५७९ *सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५५,५०४ |

२६ **पाइप जडान नभएको** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न गोश्वारा भौचरबाट ह्युम पाइप तथा पोल खरिद गरी प्राविधिक मुल्यांकन वेगर नै भुक्तानी गरेको देखिन्छ । प्राविधिक मुल्यांकन वेगर भुक्तानी गर्दा कामको प्रभावकारीता नहुने साथै खरिद भएको मालसामानको जडानको प्रमाण पेश नहुँदा वास्तिवक कार्य भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने हुँदा उक्त पाइप जडान कार्यको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| **गो भौ नं मिति** | **खरिद विवरण** | **भुक्तानी पाउने** | **खरिद रकम** |
|---|---|---|---|
| ११३।२०७९।०८।२६ | २३ थान विद्युत पोल | राधाकृष्ण ह्युम पाइप इण्डस्ट्रिज | २००७७२ |
| २८।२०७९।०६।१२ | विभिन्न साइजका ३८ ह्युम पाइप खरिद | गणपति सिमेन्ट सामग्री उद्योग | १४२१३४१ |
| ९३४।२०८०।०३।१३ | ६ थान पोल | राधाकृष्ण ह्युम पाइप इण्डस्ट्रिज | ५३००० |
| ९३५।२०८०।०३।१३ | १२.५ मिटर ह्युम पाइप | राधाकृष्ण ह्युम पाइप इण्डस्ट्रिज | ७०४६३ |
| **जम्मा** | | | **१७४५५७६** |



| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,४५,५७६ |

२७ **बढी भुक्तानी** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिंदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले

देहायको भुक्तानी गर्दा समितिले पेश गरेको विल विजकमा सिमेन्टको मूल्य निम्मनानुसार तोकिएको जिल्ला दररेट भन्दा कम मूल्यमा खरिद गरेकोले सोही आधारमा मुल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएको रु ९०६९६ र सोको मुअकर बापत हुने रु ११७८९ समेत गरी सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| **गो भौनं मिति** | **योजनाको नाम** | **जिल्ला दररेट बमोजिमको दर** | **बिल बमोजिमको दर** | **खरिद परिमाण बोरा** | **फरक दर** | **रकम** | **१३ % मू अ कर** | **सिमेन्टको प्रकार** |
|---|---|---|---|---|---|---|---|---|
| ३०।०८०।३।१८ | कालिका माध्यामिक विद्यालय | ६२० | ५३१ | ५८४ | ८९ | ५१९७६ | ६७५६ | पिपिसि |
| ३०।०८०।०३।१८ | जनक माध्यमिक विद्यालय | ६२० | ५४० | ४८४ | ८० | ३८७२० | ५०३३ | पिपिसि |
| जम्मा रकम | | | | | | ९०६९६ | ११७८९ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२,४८५ |

२८ **वर्षेभरी ज्यालादारी** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ ।पालिकालेनिम्न वडा कार्यालयहरुको सहयोगीस्तरको कर्मचारीको पद रिक्त रहेको दरबन्दीमा स्वीकृत दरबन्दी अनुसार करारमा कर्मचारी राखी कार्य गर्नुपर्नेमा वर्ष भरी नै ज्यालादारीमा कर्मचारी राखि तलब भत्ता भुक्तानी गरेकोले नियमसंगत देखिएन ।

| क्र.स. | सम्बन्धित कार्यालयको नाम | राखिएको कर्मचारी संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| १ | वडा ०७ को स्वास्थ्य चौकी | १ जना (सिता लामिछाने) | ६६६०० |
| २ | वडा ०३ को स्वास्थ्य चौकी | १ जना (हिरा बहादुर सिंजाली मगर) | १६४७१५ |
| ३ | वडा ०८ को वडा कार्यालय | १ जना ( देवि कंडेल) | ८३३३५ |
| जम्मा रकम | | | ३१४६५० |

२९ **जडान नभएको/ प्रविधिक मुल्याङ्कन नभएको -**

.......... *(प्रारम्भिक प्रतिवेदन उपर खरिद गरि वितरण भएको जस्ता पाताको* प्राविधिक पुष्टाई सहितको *प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.७०,०००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३० **डिपिआर खर्च -**कार्यालयलेबजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।पालिकाले फोहोरमैला बैज्ञानिक र आधुनिक प्रशोधन केन्द्र सहितको पार्क तथा केन्द्र स्थापनाको लागि डि पि आर प्रतिवेदन तयारी गर्ने कार्यको लागि इनरिच नेपाल प्रा लि लाई रु ८४०७२० भुक्तानी गरेको देखिएपनि पार्क निर्माणका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन भएको पाइएन ।यसरी बजेट विनियोजनको सुनिश्चितता नै नभएको आयोजना को डिपिआर वापतको खर्च लेख्दा खर्चको प्रभावकारिता एवं औचित्यता पुष्टि हुन सकेन ।अतः यस्तो खर्च अनियमित देखिएको रु.

*यस सम्बन्धमा पालिकाको वडा नं ६,७,९ मा २९३ विघा जग्गा नेपाल सरकारको नाममा दर्ता कायम भएको तथा उक्त जग्गामा फोहोर मैला व्यवस्थापन केन्द्र निर्मणिको लागि सम्बन्धित मन्त्रालयमा बजेटको लागि फाइल पेश भएको पालिकाले जनाएको छ ।*

| | |
|---|---|
| अनियमित भएको | ८,४०,७२० |

३१ **बिल भन्दा बढी खर्च -**गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।गोश्वारा भौचर नं २९५।२०७९।११।१८ बाट सडक कालोपत्रे वापत वडा नं ८ नन्दकाली मार्ग बाटो उपभोक्ता समितिलाई कन्टिनजेन्सी वापत रु ४७९६९ कट्टी गर्नुपर्नेमा रु ४२९३६ कट्टी गरी कट्टी गर्न बाँकी ५०३३ साथै ल्याब टेष्ट बापत रु २०००० खर्च लेखेकोमा कोर कटिङको ७९१० को मात्र विल संलग्न गरी विजेक वेगरको रु १२०९० समेत कुल रु १७१२३ सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,१२३ |

३२ **बढी दरमा फर्माको कामको भुक्तानी** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पालिकाले निम्न योजनाहरुमा १८ मिमि प्लाइउडको फर्मा राख्ने कार्यको दरविश्लेषण गर्दा कुकाठको दररेट राख्नुपर्नेमा सिसौको दर राखी प्रति वर्गमिटर फर्माको कार्यमा रु ८७३.८५ दररेट राख्नुपर्नेमा रु १११७.३ राखेकोमा रु २४३.५ का दरले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु

| **गो भौ नं मिति** | **योजनाको नाम** | **भुक्तानी भएको परिमाण (वर्ग मिटर)** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|
| | एस पि एम कलेज भवन निर्माण | ४८४ | ११७८५४ |
| ९६३।२०८०।०३।२४ | वडा नं ५ स्याङ्तान मार्ग निर्माण | ३९२ | ९५६४८ |
| ३३।०८०।३।२१ | विद्यालयको कक्षाकोठा निर्माण | ३७८.५ | ९२०३६ |
| जम्मा रकम | | | ३०५५३८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०५,५३८ |

३३ **जाली खरिद संख्या भन्दा वढीको ढुंगा भर्ने कार्यः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले वडा नं ९मा थुम्सी बजार नारायणी नदी तटबन्धनको विल भुक्तानी गर्दा जालि भर्ने कार्यमा 3*1*1 साइजको जाली खरिद संख्या भन्दा १४ थान बढी जाली वटाको भर्ने कार्यको मुल्यांकन गरी भुक्तानी भएको जदेखियो । यस विषयमा पालिकाले थप जाली उपभोक्ता समितिलाई निशुल्क प्राप्त भएको जनाएपनि सौजन्य प्राप्त भएको कुनै प्रमाण संलग्न गरेको दखिएन । अतः ४२ घनमिटर कार्यको प्रति घ मि रु.२२२५।०० का दरले भुक्तानी भएको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९३,४५० |

३४ **निर्माण सामग्री खरिद -**

३४.१ बढी भुक्तानी ःसार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा समितिले पेश गरेको विल विजकमा सिमेन्टको मूल्य निम्मनानुसार तोकिएको जिल्ला दररेट भन्दा कम मूल्यमा खरिद गरेकोले सोही आधारमा मुल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो भौ नं मिति | योजनाकोनाम | जिल्लादररेट बमोजिम को दर | बिलबमोजिम को दर | खरिदपरिमाण बोरा | फरक दर | रकम | १३ %मूअ कर | सिमेन्टकोप्रकार |
|---|---|---|---|---|---|---|---|---|
| ११५।२०७९।०८।२८ | हर्कपूर नमुना टोल विकास संस्था उ स वडा नं ११ | ६२० | ४५० | २४० | १७० | ४०८०० | ५३०४ | पिपिसी |
| १२४।२०७९।०९।०१ | वडा नं १० बाटो निर्माण | ७२५ | ५९३ | १७४ | १३२ | २२९६८ | २९८६ | ओपीसी |
| १६९।२०७९।०९।१२ | त्रिपुरेश्वर क्रियापुत्री भवन | ७२५ | ५७० | १९० | १५५ | २९४५० | ३८२९ | ओपिसी |
| २६९।२०७९।११।०५ | वडा नं १८ सभाहल निर्माण | ७२५ | ५७० | १६८ | १५५ | २६०४० | ३३८५ | ओपिसी |
| २६९।२०७९।११।०५ | वडा नं १८ सभाहल निर्माण | ६२० | ४६५ | १४३ | १५५ | २२१६५ | २८८१ | पिपिसी |
| २६८।२०७९।११।०५ | जनक नमुना विद्यालय क्यान्टिन निर्माण | ७२५ | ६२९ | १९५ | ९६ | १८७२० | २४३४ | ओपिसी |
| ९२५।२०८०।०३।२३ | एस पि एम कलेज | ७२५ | ५७५ | ४२० | १५० | ६३००० | ८१९० | ओपीसी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९२५।२०८०।०३।२३ | एस पि एम कलेज | ६२० | ४८६ | १९० | १३४ | २५४६० | ३३१० | पिपीसी |
| २८३ | सवा मिलको बाटोको साइड वाल निर्माण | ७२५ | ५४० | ९१ | १८५ | १६८३५ | २१८९ | ओपीसी |
| २८२ | क्षेत्रीय रंगशाला | ७२५ | ५६७ | ३३० | १५८ | ५२१४० | ६७७८ | ओपिसी |
| २८८ | हरिमार्ग स्तरोन्नति शुभटोल विकास संस्था | ७२५ | ५६७ | ९४ | १५८ | १४८५२ | १९३१ | पिपीसी |
| ३१६ | बाटो स्तरोन्नति, संघर्ष मार्ग उ स | ७२५ | ५९३ | ७० | १३२ | ९२४० | १२०१ | ओपिसी |
| ३१० | वडा १७ कपिल मार्ग निर्माण | ७२५ | ५७० | १५५ | १५५ | २४०२५ | ३१२३ | पिपीसी |
| ३४६ | नारायण पब्लिक पार्क उस | ७२५ | ५८५ | ३६ | १४० | ५०४० | ६५५ | पिपीसी |
| ३४६ | नारायण पब्लिक पार्क उस | ६२० | ४१५ | ३४ | २०५ | ६९७० | ९०६ | पिपीसी |
| ३८५ | छमरुखोला सतह सिंचाई | ७२५ | ५४४ | १४२ | १८१ | २५७०२ | ३३४१ | ओपिसी |
| ३८५ | छमरुखोला सतह सिंचाई | ६२० | ३८३ | १२२ | २३७ | २८९१४ | ३७५९ | पिपीसी |
| ४०८ | त्रिपुरेश्वर क्रियापुत्री भवन | ७२५ | ४७८ | ३३८ | २४७ | ८३४८६ | १०८५३ | ओपिसी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४०८ | त्रिपुरेश्वर क्रियापुत्री भवन | ६२० | ३९४ | १०० | २२<br>६ | २२६०० | २९३८ | पिपीसी |
| ९६७ | वडा नं ४ रविलाल मार्ग निर्माण | ६२० | ४६१ | २०० | १५<br>९ | ३१८०० | ४१३४ | पिपिसी |
| ९६३ | वडा नं ५ स्याङ्तानमार्ग निर्माण समिति | ७२५ | ५८४ | ३४२ | १४<br>१ | ४८२२२ | ६२६९ | ओपीसी |
| ९५५ | शिवमार्ग उत्तरखण्ड निर्माणसमिति | ७२५ | ५८४ | १८० | १४<br>१ | २५३८० | ३२९९ | ओपिसी |
| ९०६ | ककरसर्तसुनवर्षि सिंचाई | ७२५ | ६५० | २१४ | ७५ | १६०५० | २०८७ | ओपीसी |
| **जम्मा** | | | | | | **६५९८५<br>९** | **८५७८<br>१.** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५९,८५९ |

३४.२ **न्यून बिजकीकरण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले विभिन्न काम उपभोक्ता समिति मार्फत गराएकोमा खर्चको विल परीक्षण गर्दा पालिकाले तयार गरेको दररेट भन्दा ज्यादै न्यून मात्रामा विजक पेश गरेको देखियो ।सिमेन्टको काममा जिल्ला दररेटमा ओपिसी सिमेन्ट प्रति बोरा रु ७२५ र पिपीसी सिमेन्ट प्रति बोरा रु ६२० रहेकोमा विभिन्न उपभोक्ता समितिले जिल्ला दररेटले तोके भन्दा न्यून दररेटमा खरिद गरी बिल पेश गरे पनि कार्यालयले भुक्तानी दिएको छ ।यसरी कार्यालयले प्रतिवोरा वढी मुल्यांकन गरी भुक्तानी गरेकोले १३ प्रतिशतले हुन आउने मुल्य अभिवृद्धी कर सम्वन्धितवाट असुल गरी दाखिला गर्नुपर्ने रु–

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,७८१ |

३४.३ **मूल्यांकन भन्दा कम संख्यामा खरिद -** सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा देहायका उपभोक्ता समितिले गरेको कार्यको प्राविधिक मूल्यांकन बमोजिम प्रयोग भएको मोजाइक टायल संख्या (१ वर्ग मिटरमा ३१ टायल )खरिद बिलबाट देखिएको टाइल संख्या भिडान गर्दा कम टाइल खरिद गरेको पाइएपनि प्राविधिक मूल्यांकन बमोजिम बढी संख्याको भुक्तानी दिएकोले प्राविधिक मुल्याकंनको आधार स्पष्ट गर्नुपर्ने रु

| गो भौ नं मिति | योजनाकोनाम | हुनुपर्ने टाइलसंख्या | बिलबमोजिमको टाइल सख्या | बढीटाइल संख्या | प्रतिटायल दर भ्याट सहित | बढीभुक्तानी |
|---|---|---|---|---|---|---|
| ३२९।२०७९।११।३० | बुद्ध मार्ग निर्माण समिति | १४५०८ | ११५६६ | २९४२ | २७. | ७९४३४ |
| ३४७।२०७९।१२।०८ | कैलाश सन्यास आश्रम | ८०६० | ६४६८ | १५९२ | २७. | ४२९८४ |
| २८५।२०७९।११।१८ | गरिश्वरहरिहरमार्ग | ५७५ | १७५ | ४०० | २७. | १०८००.०० |
| **जम्मा** | | | | | | **१३३२१८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३३,२१८ |

३५ **ट्याक कोट -**सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले जेनिथचोकदेखि पश्चिम अमरपथ बाटो समितिलाई सडक कालोपत्रे कार्यको ट्याक कोट छर्ने कार्यमा संशोधित स्पेसिफिकेसन बमोजिम ४४३.१४ लिटर्स भुक्तानी गर्नुपर्नेमा ५१७.२६ लिटर भुक्तानी दिएको देखियो । पालिकाले ७४.१२ लिटरको प्रति लिटर रु १९० ले भुक्तानी दिएको असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,०८२ |

३६ **जनश्रमदान -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता गर्नुपर्नेमा सरकारी भवन, पुल, कल्भर्ट र तटबन्धन निर्माण कार्यमा लागत सहभागिता नलाग्ने निर्णय मिति २०७८।१०।१४ नगर कार्यपालिकाको बैठकले गरेको देखियो ।खरिद ऐनको व्यवस्था विपरीत नगरसभाले गरेको

निर्णयले वैधानिकता प्राप्त गर्न नसक्ने देखिन्छ ।अतः निर्माण कार्य सम्पन्न पश्चात अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गो भौ नं मिति | योजनाको नाम | लागत अनुमान रकम | नपाबजेट | मूल्यांकन रकम | भुक्तानी रकम | हुनुपर्ने लागत सहभागिता | भएको लागत सहभागिता | घटी सहभागिता रकम |
|---|---|---|---|---|---|---|---|---|
| ४।२०७९।०५।२९ | आदिवासीजन जाति संग्रहालय | ५४१७५३४ | ५३९८०००० | ५२६७३०० | १८५४८३८ | १८५४८३ | ० | १८५४८३ |
| १०।२०७९।०८।२० | ककरस्रोत खोला समग्र सिंचाई जल उ स | २४६२२९ | २५०००० | २४६९०७ | २५०००० | २४६९१ | ० | २४६९१ |
| १२।२०७९।०६।०५ | सीताराम ससऋषि कँडेल कुल देवता मन्दिर भारद्वाज आश्रम | ३९१६०४ | ४००००० | ४०२३३८ | ४००००० | ४०२३४ | ० | ४०२३४ |
| १००।२०७९।०६।०५ | केलादि टोलविकास संस्था | ५१४४९१ | ४८५००० | ५१४८४३ | ४८५००० | ५१४८४ | २९८४३ | २१६४१ |
| १७७।२०७९।०९।१७ | नेपाल राष्ट्रिय शमसेर आदर्श मा वि भवन निर्माण | २३०५८२० | २३००००० | १२६८५०० | १२६५२३१ | १२६८५० | ३३०० | १२३५५० |
| २०१।२०७९।०९।२१ | जलदेवीबिद्यालय कम्पाउण्डिङ | २९३८२७ | २९१००० | २९५८०१ | २९१००० | २९५८० | ४८०० | २४७८० |
| १९५।२०७९।०९।२८ | केलादी ढोडेनी बाटो बिस्तार, जालीको काम | ५९५१०१ | ५९२००० | ५८८२९१ | ५७५३५७ | ५८८२९ | १२९०९ | ४५९२० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६९।२०७९।११।०५ | वडा नं १८सभाहल निर्माण | २०१२०५८ | १९४०००० | २००३८१२ | १९३२१९९ | २००३८१ | ७१६१३ | १२८७६८ |
| २५५।२०७९।१०।२४ | वडा नं ११कल्भर्ट निर्माण | २९२२८५ | २८५००० | २८३७८५ | २८२५४८ | २८३७९ | १२३७ | २७१४२ |
| २४०।२०७९।१०।१६ | कुमारवर्ती देवीथान मन्दिर परिसरमा मोज्याक टाइल | १२०८५९२ | ११६४०००० | १२०९६७९ | ११६४०००० | १२०९६८ | ४५६७९ | ७५२८९ |
| २७२।२०७९।११।०८ | नारायणीनदी किनार तटबन्धन | १२८२५१३ | १२६१०००० | १२८२५१४ | १२६१०००० | १२८२५१ | २१५१४ | १०६७३७ |
| २७१।२०७९।११।०८ | रत्नराज्यलक्ष्मी मा वि शौचालय र भवन मर्मत | ५०४६९८ | ४७०००० | ५२३६२७ | ४८५००० | ५२३६३ | ३८६२७ | १३७३६ |
| ३२९।२०७९।११।३० | बुद्धमार्ग निर्माण समिति | ९८५७५९ | ५८४१८२ | ८९५४५३ | ८९५१८३ | ८९५४५ | २७० | ८९२७५ |
| | **जम्मा** | **१६५६५९३४** | **१०२५७१८२** | **१५३०६१५५** | **११६२६३५६** | **११८९३६९** | **२६८०९७** | ९०७२४६ |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२ ।९ को निर्णयबाट अमरज्योति मा वि को जम्मा रु.१४०२६ ।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,०७,२४६ |

३७ **उपभोक्ता समितीवाट जटिल प्रकृति योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्य तथा रोजगारी सिर्जना हुने तथा निर्माणपश्चात उपभोक्ता समितीलाई हस्तान्तरण गर्ने सकिने प्रकृतीका कार्यहरु को जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।यस्तो खर्च अनियमित देखिएको रु

| **गो भौ नं मिति** | **योजनाको नाम** | **उस को नाम** | **मूल्यांकन रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ४२।२०७९।०६।२७ | बुद्धमार्ग जोड्ने बाटो | विकास टोल विकास समिति | ४९०४३६ | ३८८००० |
| ६२।२०७९।०७।०४ | आइत कुमालको घरदेखि नगर कुमालको घर सम्म | बेलटारी टोल सुधार समिति | १७४४३५५ | १३५८००० |
| ७४।२०७९।०७।२४ | वडा नं १३ गणेश मार्ग स्तरोन्नति | गणेश मार्ग निर्माण समिति | ७८२७१९ | ६१७६३० |
| १५८।२०७९।०९।०७ | पिच बाटो निर्माण | वडा नं १४ जेनिथर चोक देखि पश्चिम अमरपथ बाटो समिति | १०९७१८३ | ८९७२५७ |
| १७६।२०७९।०९।१४ | पिच बाटो निर्माण | वडा नं ५ उज्जवल मार्ग बाटो निर्माण समिति | ८५७११४ | ७००००० |
| **जम्मा** | | | **४९७१८०७** | **३९६०८८७** |

| | |
|---|---|
| अनियमित भएको | ३९,६०,८८७ |

३८ **पुजिंगत खर्चबाट विभिन्न सघ संस्थालाई भुक्तानी** -सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. २६१८२९६ भुक्तानी दिएको पाईयो ।यस्तो कार्यलाई निरुत्साहित गरी उत्पादनशील कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ ।

| **गो भौ नं मिति** | **योजनाको नाम** | **प्रयोजन** | **खर्च रकम** |
|---|---|---|---|
| ७९।२०७९।०७।२८ | ठकुरी वेयलफेर ग्रुप गैंडाकोट | भवनको फल्स सिलिङ निर्माण | ३०००००. |

| | | | |
|---|---|---|---|
| ८०।२०७९।०७।२८ | जय श्री महिला समूह | महिला समूह भवन निर्माण | ४३६९४६. |
| ८४।२०७९।०८।०७ | हरि ओम सत्सङ्ग साधना सदन | भवन रंगरोगन | ३००००० |
| ११६।२०७९।०८।२८ | भगवान वराह दिव्यधाम श्वेत मन्दिर सेवा समिति | ढोका झ्याल | १५०००० |
| ११८।२०७९।०८।२९ | वडा नं ७ जेसिज भवन | भवनको निर्माण | २००००० |
| २१८।२०७९।१०।०४ | वडा नं ४ चण्डिका मन्दिर निर्माण | सिढी निर्माण | ९८००० |
| 259।२०७९।१०।२६ | ब्रम्हाकुमारी राजयोग सेवा केन्द्र | भवन रंगरोगन | १९८३५० |
| 25८।२०७९।१०।२५ | सूजनशील महिला समूह | फर्निचर व्यवस्थापन | ३००००० |
| ३११।२०७९।१०।२५ | नमुना आमा समूह | भवन निर्माण | १५०००० |
| ३३२।२०७९।१२।०१ | मुकुन्दपूर कभर्डहल | कार्पेटिङ | ४८५००० |
| | | **जम्मा** | **२६१८२९६** |

३९ **लागत सहभागिता -**पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४० **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नम्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४१ **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार

गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

४२ **हेभी इक्युपमेन्टको प्रयोग -'** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **गो भौ नं मिति** | **योजनाको नाम** | **मूल्यांकन रकम** | **भुक्तानी रकम** | **मेशिन प्रयोगको बिल रकम** | **मेशिन प्रयोग वापतको भुक्तानी** |
|---|---|---|---|---|---|
| १७४।२०७९।०९।१४ | गडाम्दि टोल विकास संस्था वडा नं ३ | ९०७९११ | ८००००० | ९०७८८७ | मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| १९५।२०७९।०९।२८ | केलादि टोल बिकास संस्था | ५८८२९१ | ५७५३५७ | ४३६७७३ | दिपेन कन्स्ट्रक्सन |
| २४७।२०७९।१०।२० | तात्रीसोरा उपभोक्ता समिति | २१४३०९ | १९२०५७ | २१७९६६ | दिपेन कन्स्ट्रक्सन |
| २८४।२०७९।११।१४ | बसेनी हात्तीसाल मोटरबाटो उ स | ६११७८८ | ४८५००० | ६१२१४६ | विमल ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| २८९।२०७९।११।१६ | खापसेटार तात्रिबास मोटरबाटो समिति | १०८२०५५ | ९९९६९६ | ९४८८२२ | दिपेन कन्स्ट्रक्सन |
| २८९।२०७९।११।१६ | बसेनी टोल सुधार समिति | ८६५५३२ | ७७३९१६ | ८६८७६२ | विमल ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| **जम्मा** | | **४२६९८८६** | **३८२६०२६** | **३९९२३५६** | |

४३ **प्रशासकीय अधिकारको प्रयोग -**स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहका कर्मचारी तथा पदाधिकारीले आआफ्नो अधिकार क्षेत्र भित्र रही कार्यसम्पादन गर्नुपर्दछ ।पालिकाको वडा स्तरीय निम्न अनुसार कार्यक्रममा वडा अध्यक्षद्धारा

आदेश दिने, माग फारम समेत स्विकृत गर्ने, दाखिला प्रतिवेदनमा स्वीकृत गर्ने जस्ता आफ्नो क्षेत्रअधिकार भन्दा बाहिरको कार्यमा दस्तखत गरेको देखियो ।यसबाट आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने हुँदा प्रशासनिक सिमा र दायरा भित्र हस्तक्षेप गर्ने कार्य वन्द गर्नुपर्ने देखिन्छ । केही उदाहरण

| क्र.स. | गो.भौ नं. / मिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | २२०३/२०८०/३/०८ | वडा नं. ८ मा वडा अध्यक्षले रेनकोट, झोला र छाता खरिदमा दस्तखत गरेको | ६०५०० |
| २ | २०८३।०८०।२।३१ | वडा १६ वडा अध्यक्षले रेनकोट, झोला र छाता खरिदमा दस्तखत गरेको | ८४०० |
| ३ | २०५८।०८०।२।२९ | वडा १७ का अध्यक्षले फुटवल जर्सी लगायत सामाग्री खरिद | ३९४५० |
| जम्मा रकम | | | १०८३५० |

४४ **प्रशिक्षक भत्ता -**गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ अनुसूचि १ को सि न. ४ मा पारिक्षमिक (तालिम केन्द्र / प्रतिष्ठानबाहेक) का अधिकृस्तर प्रशिक्षकले प्रति सेसन तालिम कार्यपत्र वापत रू १५०० र कक्षा सञ्चालन वापत रू १००० गरी रकम जम्मा रू २५०० भत्ता १५ प्रतिशत कर सहित उपलब्ध गराउन पर्ने व्यवस्था उल्लेख भएको छ ।पालिकाले देहायको तालिम कार्यक्रममा नर्मस् विपरीत भत्ता दर बढाएर प्रशिक्षक भत्ता भुक्तानी गरेको छ । यसरी सम्झौता नै नगरी मापदण्डले तोकेको दर भन्दा बढी दरमा प्रशिक्षकलाई भत्ता भुक्तानी गरेकोमा बढी भुक्तानी भएको भत्ता सम्बन्धित प्रशिक्षकबाट असूल गर्नुपर्ने रु

| क्रस | गौशरा भौचर नं मिति | कार्यक्रमको नाम | प्रशिक्षक नाम थर | प्रशिक्षक सख्या | सेसन | दर | भुक्रानीभएको | हुनु पर्ने | फरक |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १८०।०७९।०६।०१ | नव निर्वाचित जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रमको रकम भुक्तानी | डा. शेषरमण न्यौपाने | २ | २ | ५००० | ८५०० | ४२५० | ४२५० |
| २ | १८०।०७९।०६।०१ | नव निर्वाचित जनप्रतिनिधिहरुको क्षमता विकास | केशवराज पाध्य | १ | १ | ५००० | ४२५० | २१२५ | २१२५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्यक्रमको रकम भुक्तानी | | | | | | | | |
| जम्मा रकम | | | | | | | | | | ६३७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३७५ |

## ४५ विद्यालयको फर्निचर दाखिला नभएकोः

***.......... (प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट दिपज्योति आ वि को रु.१३८४२५ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ४६ नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन :

४६.१ पालिकाले तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत मिति २०७९।१०।२० को स्वीकृत निर्णयानुसार निम्न नदि किनारमा निम्नअनुसार घनमिटर नदिजन्य पदार्थ उत्खन्न गर्ने क्षमता भएकोमा पालिकाले दिएको विवरण अनुसार २८१२६२.८८ घ मि नदिजन्य पदार्थ उत्खन्न भएको देखिन्छ ।

| सि.नं. | नदी/**खोलाको नाम** | IEE **अनुसारस्वीकृत परिमाण (घ.मि.)** | उत्खन्नको लागि स्वीकृत परिमाण (घ.मि.) | | राजश्व असुली (भ्याट, टिडिएस, पर्यावरण शुल्क समेत) | भ्याट |
|---|---|---|---|---|---|---|
| | | | | उत्खन्न भएको परिमाण (घ.मि.) | | |
| १ | नारायणी नदिको मुरलिटार खण्ड ( चाइना स्टेट कन्स्ट्रक्सन ईन्जिनियरिङ्ग कर्पोरेसन लि. पान नं. ६०६६४६७८९) | ८१००० | ८१००० | ८१००० | २६१७६३४९ | २९७१९८७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | नारायणी नदिको विष्णेघाट खण्ड (चाइना स्टेट कन्स्ट्रक्सन ईन्जिनियरिङ्ग कर्पोरेसन लि. पान नं. ६०६६४६७८९) | ८१००० | ८१००० | ८१००० | २६१७६३४९ | २९७१९८७ |
| ३ | नारायणी नदिको बोटेटोल -६ (रबण - त्रिवेणी जेवि,पान - ६१९०३५६४२) | ८१००० | २०००० | २०००० | ६४६३२९६ | ७३३८२४ |
| ४ | नारायणी नदिको जैनटार (लम्बिनि वन्दन भगवती केविसि जेभी, पान- ६१८३३६०६९) | ६९३७५ | १५००० | १५००० | ४८४७४७२ | ५५०३६८ |
| ५ | नारायणी नदिको जैनटार (इन्डो सगुन जे.भी पान ६१३८८६६७५) | ६९३७५ | १५००० | १५००० | ४८४७४७२ | ५५०३६८ |
| ६ | नारायणी नदिको जैनटार (ब्रिटिश मेम्बर निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. पान ६०६७१७२४९) | ६९३७५ | ४६१० | ४६१० | २८३७८२७ | ३२२१९९ |
| ७ | नारायणी नदिको खलेचौर खण्ड क (रबण - त्रिवेणी जेवि,पान - ६१९०३५६४२) | ६९३७५ | २०००० | २०००० | ६४६३२९६ | ७३३८२४ |
| ८ | नारायणी नदिको घाटगद्दी वडा ६ (के.वि.सि. विल्डर्स कम्पनी प्रा.लि. पान ६०२४१०५०४) | ४४६५३ | ४४६५३ | ४४६५३ | २१७२९४०७ | २४६७०९४ |
| | जम्मा | ४१४६२८ | २८१२६३ | २८१२६३ | ९९५४१४६८ | ११३०१६५२ |

४६.२ ·उपरोक्त तालिकामा नारायणघाट ग्रोन्दाङ्ग सडक विस्तार आयोजनाले १५००० घ .मि, नारायणी नदि व्यवस्थापन आयोजना भरतपुरले१५००० घ.मि मात्र माग गरेको छलफलको क्रममा पालिकाले जवाफ दिएको छ । प्राय आयोजनाहरुले ४ महिना (फागुन, चैत्र, वैशाख र जेठ) गरी जम्मा १२० दिन मात्र नदिजन्य पदार्थ उत्खन्न गरेको देखिन्छ । २४० दिनमा उत्खन्न गर्नुपर्ने परिमाण १२० दिनमात्र उत्खनन गर्दा प्रति दिनको उत्खनन क्षमता सीमा तोकेभन्दा बढी देखिने भएकाले यसतर्फ नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

४६.३ ·पालिकाको च. नं. १९८१ मिति २०८०।१।१२ मा प्रत्रमा उल्लेख भए अनुसार श्री ब्रिटिश मेम्बर निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. (पान ६०६७१७२४९) ठेक्का नं. ०४।०७७।०७८ (आन्तरिक आय) अन्तर्गत तहाँ फर्मले उठाउन बाँकी परिमाण उपयुक्त समयमा सम्झौता बमोजिमको दररेटमा उपलब्ध गराउने भनी नगर कार्यपालिकाको मिति २०७९।०२।२१ को बैठकको निर्णय तथा मिति २०७९।१०।२० को नगर कार्यपालिका बैठकबाट नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको मिति २०७८।२।५ को प्रतिवेदन अनुसारको बाँकी परिमाण ४६०९.५९ घ.मि. को लागि उल्लेखित निर्णय तथा १८९९ मिति २०८०।०१।०४ कायदिश बमोजिमको कार्य मिति २०८०।०१।१२ गते प्राविधिक सहितको टोलीले अनुगमन गर्दा सम्पन्न भएको देखिएकोले नदिजन्य पदार्थ उत्खन्न तथा संकलन गर्ने कार्य बन्द गर्न गराउन यो पत्राचार गरेको देखिन्छ । यसरी गत विगतमा सम्बन्धित निर्माण व्यवसायीले नदीजन्य पर्दाथ उत्खनन गर्न नसकेको भन्ने आधारमा चालु वर्षमा पुन सोही निर्माण व्यवसायीलाई उत्खनन गर्न अधिकार दिनु नियमसंगत देखिएन ।

४७ **राजश्व ढिला दाखिला** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २७ मा कार्यालयलाई प्राप्त भएको राजस्व सोहि दिन वा भोलिपल्ट राजश्व लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। दफा २८ मा १० दिनभन्दा बढि भएमा १० प्रतिशतको दरले जरिवाना लगाई कसुरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्ने व्यवस्था उल्लेख छ । त्यसैगरीआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको सम्बन्धमा अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले लामो समयसम्म असुली भएको नगद दाखिला नगर्ने, वडा कार्यालयहरूले आम्दानी गरेको नगद लामो समयसम्म नगदै राख्ने, असुली गरेको राजश्व दाखिला नगर्ने गरेकोमा कार्यालय प्रमुखले सम्बन्धित वडा सचिवलाई सचेत गराई विभागीय कारबाही गरेको देखिएन। निम्न पालिका तथा वडा कार्यालयहरूले ढिला राजश्व दाखिला गरेको देखिएकाले नियमावलीमा तोकेको १० प्रतिशतका दरले जरिवाना सहित असुल गर्नुपर्ने र सम्बन्धितलाई कानुन बमोजिम जिम्मेवार बनाउनुपर्ने रू

| क्रस | वडा नं. | असुल गरेको महिना | रकम | दाखिला मिति | लाग्ने जरिवाना |
|---|---|---|---|---|---|
| १ | ३ | असोज | १०६७० | २०७९।०७।०३ | १०६७ |
| २ | ८ | वैशाख | ६०००० | २०८०।०२।०३ | ६००० |
| ३ | १३ | कात्तिक | ४८८२५ | | ४८८२ |
| ४ | १४ | असोज | ५०००० | | ५००० |
| ५ | १५ | फागुन | ३८००० | | ३८०० |
| ६ | १८ | फागुन | ७७२० | | ७७२ |

| | | | |
|---|---|---|---|
| जम्मा रकम | २५५५२६ | | २१५२१ |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२ ।२४ को निर्णयबाट वडा नं ७ बाट* जम्मा *रु.४७८६ ।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,५२१ |

४८ **रसिद नियन्त्रण खाता** -पालिकाका कतिपय वडाहरुमा नगदी रसिद प्रयोग गरेको र कतिपय वडाहरुमा नगदी तथा सांग्रिला सफ्टवयर प्रयोग गरी राजस्व संकलन गरेको देखिन्छ । कतिपय वडाले गत विगतको मौज्दात रहेको नगदी रसिद समेत प्रयोग गरेको देखिन्छ । यसबाट राजश्व आम्दानी र दाखिला एकिन गर्न कठिन हुने देखिन्छ । कतिपय वडामा QR कोड मार्फत राजश्व दाखिला गरेको समेत देखिएकाले वैक स्टेटमेन्टमा दाखिलाकर्ता (लाभग्राही) को नाम उल्लेख नभएको हुँदा राजस्व रकम भिडान गर्न सकिएन ।पालिकाले सांग्रिला प्रणालिलाई अध्यावधिक गरी QR कोड मार्फत दाखिला भएको राजश्वको हकमा सेवाग्राहीको नाम देखिने प्रणालीको विकास गर्नुपर्ने देखिन्छ।

४९ **भवन मापदण्ड** -राजश्व परामर्श समितिको मिति २०७९/०३/०६ को निर्णयबाट भवन तथा योजना मापदण्ड २०७४ मा निर्माण भएका आवासीय भवनहरुको हकमा तेब्बर दस्तुर लिई सम्पन्नता प्रमाणपत्र लिई दिने भन्ने निर्णय भएकोमा सो सम्बन्धमा कति प्रमा पत्रहरु जारी भएको एकिन नभएको र सो मापदण्डमा उल्लेखित बुदाहरु पालना भए नभएको निर्णय गर्न सकिएन।

५० **मौलाकालिका मन्दिरको आय** -राजश्व परामर्श समितिको मिति २०७९।१२।२१ को निर्णयबाट वडा नं. १ मा संचालन हुन लागेको मौलाकालिका केबुलकारको करको दर सम्बन्धमा यस वर्षको लागि केवुलकारको प्रति टिकट दस्तुरको २ प्रतिशतका दरले स्थानीय शुल्क लगाउने कानुनी व्यवस्था गर्न नगरकार्यपालिकालाई सिफारिस गर्ने निर्णय भएकोमा उक्त केवुलकार संचालकबाट प्रथम किस्ताबाट मिति २०८०।०१।०१ देखि मिति२०८०।०२।३२ गते सम्म रु. ३४९७७८ प्राप्त भएको छ र बाँकी रकम प्राप्त गर्ने सम्बन्धमा कार्यालयले पत्रचार गरेको देखिएन ।

५१ **उपभोक्ता समितिले प्रयोग गरेको नदिजन्य पदार्थ** -प्रदेश सरकारको स्वीकृत आर्थिक ऐन अनुसार नदीजन्य पदार्थको उत्खनन तथा उपयोगमा स्वीकृत दररेट अनुसार राजस्व संकलन गर्ने व्यवस्था रहेको छ । साथै मूल्यअभिवृद्धि कर ऐन २०५२ मा नदीजन्य पदार्थको उत्खनन तथा विक्रिवितरणमा १३ प्रतिशतको दरले मुल्यअभिवृद्धि कर लाग्ने व्यवस्था रहेको छ । पालिकाका विभिन्न वडाका विभिन्न योजनाहरुमा निर्माणकार्य गर्दा प्रयोग भएको नदिजन्य पदार्थ २२७९९.३५ घ.मि. को रु. ६०१२५५६ को १३ प्रतिशतले हुने मु.अ.कर वापतको रकम रु ७८१६३२ पालिकाको पान नं. बाट संघीय संचितकोषको राजश्व खाता नं. ३३३१७ मा दाखिला गर्नुपर्ने रु

नदीजन्य पदार्थको उत्खनन तथा उपयोगको अवस्था निम्मानुसार रहेको छ ।

| क्र. स. | उपभोता समिति / वार्ड कार्यालय | नदीजन्य पदार्थ | उपभोक्ताले उपभोग गरेको | |
|---|---|---|---|---|
| | | | परिमाण(घ. मि. ) | राजश्व दाखिला रकम रु. |
| १ | वडा नं. ७ ग्राभेल उपभोक्ता समिति | ग्राभेल | २११५ | ५९६९३३ |
| २ | ब्रम्ह कुमारी राजयोग उपसेवा केन्द्र | ढुंगा | १०० | ३८८०८ |
| ३ | वडा नं. १ ग्राभेल उपभोक्ता समिति | ग्राभेल | १७६३ | ४९७३०७ |
| ४ | गणेश मन्दिर टोल विकास संस्था | ग्राभेल | २२० | ६२०९३ |
| ५ | गंगानगर टोल विकास उपभोक्ता समिति | ग्राभेल | ४३२ | १२१९२८ |
| ६ | वडा नं. ४ को कार्यालय | ग्राभेल | ११४० | ३२१७५३ |
| ७ | वडा नं. ५ को कार्यालय | ग्राभेल | ४३३ | १२२२१० |
| ८ | वडा नं. १४ को कार्यालय | ग्राभेल | ८० | २२६५८ |
| ९ | वडा नं. १४ को कार्यालय | ग्राभेल | १२८ | ३५९८६ |
| १० | वडा नं. ७ को कार्यालय | ग्राभेल | २४६ | ६९४३१ |
| ११ | वडा नं. ५ को कार्यालय | ग्राभेल | १२१ | ३४०५२ |
| १२ | राधा कृष्ण मन्दिर सेवा समिति | ग्राभेल | ३२ | १६०२५ |
| | राधा कृष्ण मन्दिर सेवा समिति | ढुंगा | १८ | |
| १३ | राधा कृष्ण मन्दिर देखि लोकतान्त्रिक टोल जाने बाटो अधुरो एक तर्फि बाललाई निरन्तर दिदै पाण्डे चोकसम्म उपभोक्ता समिति | ग्राभेल | १०७ | ३०३१९ |
| १४ | वडास्तरीय बाटो ग्रावेल | ग्राभेल | ७८६ | २२१८३९ |
| १५ | मुन्ना चोक टोल विकास संस्था | ग्राभेल | १३४१ | ३७८४८३ |
| १६ | देवचुली निर्माण सेवा | ढुंगा | १४६ | ५६६६० |
| १७ | श्री नारायणी नदि किनार तटबन्धन समिति | ढुंगा | ११८८ | ४६१०१९ |
| १८ | श्री मालपुर टोल विकास संस्था | ग्राभेल | १०१७ | २८७०३८ |
| १९ | वि.पि. खेलमैदान संरक्षण उपभोक्ता समिति | ढुंगा | ९८२ | ३८१५२७ |

| | | | | |
|---|---|---|---|---|
| २० | वडा नं. ९ को कार्यालय | ढुंगा | ७५ | २९१३९ |
| २१ | दर्शन मार्ग बाटो निर्माण समिति | ग्राभेल | १२५ | ३५२८० |
| २२ | ग्रावेल तथा ह्युम पाइप बिस्तार निर्माण उपभोक्ता समिति | ग्राभेल | ६०२ | १६९७६७ |
| २३ | वडा नं. ८ को कार्यालय | ग्राभेल | ३० | ३९५४९ |
| | वडा नं. ८ को कार्यालय | ढुंगा | ८० | |
| २४ | वडा नं. १ को कार्यालय | ग्राभेल | १२५४ | ३५३९२९ |
| २५ | भक्ति मार्ग बाटो निर्माण समिति | ग्राभेल | ६० | १६९३५ |
| २६ | वडा नं. १३ को कार्यालय | ग्राभेल | ८४० | २३७०८२ |
| २७ | वडा नं. ५ को कार्यालय | ग्राभेल | १९२ | ५४१९० |
| २८ | श्री नारायणी नदि तटबन्धन उपभोक्ता समिति | ढुंगा | १२९ | ५००६२ |
| २९ | समला टोल बाटो निर्माण उपभोक्ता समिति | ढुंगा | ३२० | १९१९२४ |
| | समला टोल बाटो निर्माण उपभोक्ता समिति | ग्राभेल | २४० | |
| ३० | वडा नं. ५ को कार्यालय | ग्राभेल | २६७ | ७५३५९ |
| ३१ | श्री नन्दन कालिका टोल संजाल | ग्राभेल | १४५८ | ५२७९३० |
| | श्री नन्दन कालिका टोल संजाल | ढुंगा | ३०० | |
| ३२ | श्री बाँधखोला टोल विकास संस्था | ग्राभेल | १०६ | २९९१८ |
| ३३ | श्री प्रगतिशील टोल विकास संस्था | ग्राभेल | ८२५ | २३२८४८ |
| ३४ | श्री ब्रह्माकुमारी राजयोग उपसेवा केन्द्र | ग्राभेल | ४८० | १३५४७५ |
| ३५ | श्री सगरमाथा टोल विकास संस्था | ग्राभेल | ७५२ | २१२१०४ |
| ३६ | कलानन्दमार्गउपभोक्ता समिति | ग्राभेल | ३७२ | १०४९९४ |
| ३७ | विजय ज्योति टोल सुधार संस्था | ग्राभेल | २२५ | ६३५०४ |
| ३८ | गुराँस मार्ग निर्माण समिति | ग्राभेल | ३६ | १०१६० |
| ३९ | वडा नं. १४ को कार्यालय | ग्राभेल | १२० | ३३८७० |
| ४० | वडा नं १ बाटो ग्राभेल उपभोक्ता समिति | ग्राभेल | २४० | ६७७३८ |
| ४१ | वडा नं. ४ को कार्यालय | ग्राभेल | १९० | ५३६२५ |

| | | | | |
|---|---|---|---|---|
| ४२ | वडा नं. ४ को कार्यालय | ढुंगा | ५३ | २०६१७ |
| ४३ | श्री जीवनराम मार्ग निर्माण उपभोक्ता समिति | ग्राभेल | १३८ | ३८९५० |
| ४४ | श्री अमरापुरी शान्ती टोल विकास संस्था | ग्राभेल | ७२ | २०३२२ |
| ४५ | वडा नं. ६ को कार्यालय | ग्राभेल | २१६ | ६०९६४ |
| ४६ | वडा नं. ५ को कार्यालय | ग्राभेल | २१ | ५९२८ |
| ४७ | वडा नं. ९ को कार्यालय | ग्राभेल | ५८८ | १६५९५७ |
| जम्मा | | | २२७९९ | ६७९४१८९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८१,६३२ |

५२ **कवाडी करः**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर* श्री गैडाकोट विल्डर्स एण्ड सप्लायर्स प्रा लि** को कवाडी कर ***दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०/१२/०९ को निर्णयबाट रु.८३१८७ सम्परीक्षण गरिएको।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५३ **स्थलगत लेखा परिक्षण :** मिति २०८०/०९/१३ मा पालिकाको प्राविधिक ईन्जिनियर तथा लेखापरीक्षण टोलीको सयुक्त स्थलगत लेखापरीक्षणबाट अवलोकन गर्दा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

वडा ७ को नरेश्वरको घरदेखी समला टोल जान बाटो पिच/ समला टोल बाटो स्तरोन्नती - स्यालव ढलान (कल्भर्ड) लम्बाई चौडाई 7.40*3.3 मिटर देखिएकोमा नापी किताबमा 7*2.8 मिटरको मात्र भुक्तानी गरेको देखिन्छ । उक्त योजनाको ग्रावेलीङ्ग कार्यमा 1.25 मि. मोटाई नापी किताबमा उल्लेख गरेकोमा घाँस दुवो पलाएको देखिन्छ साथै नालाको कार्य नगरी ग्रावेलीङ्गको कार्य भएको देखिन्छ ।लागत अनुमान तयार गर्दा compaction को item उल्लेख गरेको देखिएन। लेखापरीक्षणको क्रममा देखिएको तस्बीर



५४ **वडा स्तरीय कार्यक्रम (शैक्षिक छात्रवृत्ति) -**पालिकाले शिक्षा स्वास्थ्य रोजगारी लगायतका सामाजिक सुरक्षाको क्षेत्रमा कार्य गर्दा कार्यविधि स्वीकृत गरेर मात्र खर्च व्यवस्थापन गर्नुपर्दछ । पालिकाले गो भौ नं २५८९ मिति २०८०।३।२४ मा कार्यविधिद्धारा वितरणको आधारको स्प्रष्ट व्यवस्था नगरी गरिव तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम अन्तर्गत वडा नं ४ मा सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा विभिन्न २७ जना विद्यार्थीहरुलाई अभिभावकको नाम उल्लेख गरि EFT नगरिकन भरपाईमा विद्यालयको नाम उल्लेख नगरि रु १००००० वितरण गरेको श्रेस्ताबाट देखिन्छ । यसरी ठोस आधार र कार्यविधि वेगर विद्यार्थी छनौट कार्यक्रम संचालन गर्दा सार्वजनिक स्रोत साधनको प्रतिफल सुनिश्चित नहुदा हुँदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५५ **आवश्यक कागजात वेगर भुक्तानी -**गण्डकी प्रदेशआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायको कार्यमा भुक्तानि दिँदा आवश्यक कागजात पेश गरेको पाइएन ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ । केही उदाहरणः

| **गोभौ नं.र मिति** | **वडा नं.** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| २१९६/०८०/०३/०८ | १७ | वडा स्तरीय कार्यक्रम र लक्षित वर्गको कार्यक्रमबाट ज्योति आमा समुहले वक्तित्वकला कार्यक्रम गर्दा सहभागी तथा लाभग्राहीहरुको फोन नं. उल्लेख नभएको | १००००० | सम्झौता रकम नभएको, |
| १५५८/०८०/०१/२१ | ७ | श्री नारायणी माध्यमिक विद्यालयको चितवनको माडी अध्ययन/अवलोकनका भ्रमण रकम | २५००० | भ्रमण जाने विद्यार्थी, शिक्षकको अभिलेख नखुलेको, गाडी भाडा को सम्झौता नभएको , खाना |

| | | | | |
|---|---|---|---|---|
| | | | | खाजाको मात्र विल पेश भएको |
| १३२३।०७९।१२।१० | ९ | श्री सुर्यदिप नारी बचत तथा ऋण सहकारी संस्था लि. ले आयोजना गरेको सिपमुलक तालिम | साईकलको मुल्य 29000 | सिलाई मिसिन कसले पाएको हो अनुगमन नभएको, उक्त संस्थाले दिएको तालिमको उपलब्धीको आकलन नभएको |

५६ **वडा स्तरिय विविध संचालन खर्च -**पालिकाबाट यस वर्ष नगर सभाको निर्णयबाट १८ वडामा विविध योजना संचालन खर्च शिर्षकमा ९० लाख चालु प्रकृतिको वजेट विनोयोजन भएको देखीन्छ । जसबाट टोल विकास संस्था परिचालन, महिला समुह प्रवर्धन, बाल संजाल प्रवर्धन, खेलकुद कार्यक्रम, गाडी भाडा, खाना खाजा खर्च लगायतका कार्यमा खर्च गरेको देखिन्छ । साथै कतिपय वडामा जेष्ठ नागरिक, अपाङ्ग कार्यक्रम, बाल मैत्री कार्यक्रम, स्वास्थ्य तथा पोषण कार्यक्रम, महिला लक्षित, बाल बालिका, स्थानीय संस्कृति संरक्षण, टोल विकास संस्थाको माग अनुसार, दलित लक्षित, फ्रि वाईफाई, सहायता सामाग्री वितरण, सुत्केरी पोषण खर्च, गैडा नियन्त्रण, जनजाती सशक्तिकरण, स्वयंसेविका सम्मान कार्यक्रम, सुरक्षित वार्ड कार्यक्रम लगायतका शिर्षकहरुमा रु २ करोड १५ लाख वजेट विनोयोजन गरेको देखिन्छ । यस मध्ये गैंडा नियन्त्रण, स्वयंसेविका सम्मान कार्यक्रम बाहेक अन्य कार्यक्रमको औचित्य पुष्टी हुन सकेन । लेखा परिक्षणको क्रममा विभिन्न संजालहरुको खाना खाजा खर्च व्यहोराको, पिंङ्गको लठ्ठाको पैसा व्यहोराको, वाध्यवाधन सामाग्रीको पैसा व्यहोरेको, गाडी भाडा लगायतका प्रयोजन र उपलब्धि सुरनिश्चित नभएको देखिन्छ । सार्वजनिक खर्चमा अनुचित दवाव सृजना हुने गरी राज्यको श्रोतको साधनको प्रयोग गर्नु उचित देखिएन । सार्वजनिक रकम खर्च गर्दा मितव्ययीता, नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको विचार गरि कार्यविधि वनाएर व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

५७ **वडा स्तरीय कार्यक्रम -** पालिकाका विभिन्न वडाहरुले आफूलाई प्राप्त भएको बजेट विनियोजन अनुसार चालु प्रकृतिका खर्चहरु गर्ने गरेको देखिन्छ । यसबाट आय आर्जन रोजगारी वा चेतनाको स्तरमा अभिवृद्धी भएको सुनिश्चित गर्न सकिएन ।सावजनिक खर्च व्यवस्थापन गर्दा पूजीगत प्रकृतिको कार्यमा स्रोत विनियोजन गरी यस प्रकारको चालु प्रकृतिको खर्चलाई कार्यविधिद्धारा व्यवस्थित गरी पारदर्शी तथा मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ ।

| क्र स | गौशराभौचर नं मिति | विषय विवरण | सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७८२।०७९।०९।०७ | वडा ५ समुन्नति टोल विकास संस्थालाई कुर्चि खरिद विल भुक्तानी | कुर्चि | १०००० | |
| २ | २३५७।०८०।०३।१८ | वडा ८ का जेष्ठ नगरिक वडा संघले गुल्कोज वितरण | ग्लुकोज | २७७२७ | |
| ३ | २३६७।०८०।०३।१८ | वडा १२ का जनजागरण टोल विकास संस्थालाई मादल वितरण | नादल | २६१११ | |
| ४ | २३७९।०८०।०३।१९ | वडा ३ का ३ महिने व्युटी पार्लर तालिम सामान खरिद | आईरन लगायत | ४८१४० | |
| ५ | २३८४।०८०।०३।१९ | वडा १३ मा महिला लक्षित, जेष्ठ नागरिक लक्षित अन्तर्गतको कार्यक्रममा मादल, कुर्ची खरिद गरि वितरण गरिएको | कुर्चि, मादल | ५३८८८ | |
| ६ | २२३२।०८०।०३।१० | वडा २ मा हरेराम आध्यात्मिक समुहलाई लागि माद्यवाधन सामाग्री खरिद गरि वितरण | मादल, हार्मोनियम लगायत | ५०००० | |
| ७ | २१६३/२०८०/०३/०६ | वडा ४ जेष्ठ नागरिक वडा संघले वार्षिक साधरण सभा, वार्षिक कार्यक्रम | फलफुल खाजा लगायत | २७७७७ | |
| ८ | ६५४।०७९।०८।२५ | वडा ११ मुकुन्दसेन पञ्चेबाजा समूहलाई पञ्चेवाजा खरिद | दमाहा, नरसिया लगायत | ५९९४६ | |
| ९ | १६५४।०८०।०१।३१ | वडा ६ क जेष्ठ नागरिक वडा संघले जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम | खादा, खाजा, ग्लोकज लगायत | ५१९८५ | |
| १० | १६६४।०८०।०१।३१ | वडा १७ को डस्विन वितरण | डस्विन | २०००० | |
| ११ | १५३३।०८०।१०।१ | वडा २ शान्तिनगर टोल विकास संस्था सरसफाई कार्यक्रम वितरण | वेल्चा, कोदालो लगायत | ५०००० | |
| १२ | १३७९।०७९।१२।२० | वडा १४ को जेष्ठ नागरिक वडा संघलाई सभाहलमा भजन गर्दाको रकम, कार्यालय सामाग्री खरिद | कुचो, जुट कार्पोट लगायत | २७७७७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | ११५३।०७९।११।१७ | वडा १५ गरिव तथा विपन्नलाई लक्ष्मी नारायण कपडा पसलबाट खरिद गरि न्यानो कपडा वितरण | सिरक | ५०००० | लाभग्राहीको फोन नं. समेत नभएको |
| १४ | ८९८।०७९।०९।३० | वडा १३ जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो कपडा वितरण तथा सम्मान कार्यक्रम रकम भुक्तानी | ज्याकेट | २७७०१९ | |
| १५ | ७६६।०७९।०९।०६ | वडा ५ सुनौलो महिलालाई समुहलाई वाद्यवाजन सामाग्री खरिद | मादल लगायत | १०००० | |
| १६ | ७५६।०७९।०९।०५ | वडा १ देउसी भैलो कार्यक्रम खर्च रकम | खादा, टेन्ट लगायत | २०००० | |
| १७ | ५४८।०७९।०८।०७ | वडा २ जनजागृति महिला समुह सामाग्री खरिद | मादल लगायत | ५०००० | |
| | | जम्मा रकम | | ८६०३७० | |

५८ **अन्य निकायको खर्च/ असम्बन्धित खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ।उक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्लास्थीत निम्नानुसार निकायलाई बिभिन्न खर्चमा भुक्तानी गरी अन्य कार्यालय/व्यक्तिको खर्च यस कार्यालयले व्यहोरेको छ। यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ। यसरी खर्च गरी अनियमित देखिएको रू

| **क स** | **गौशरा भौचर नं मिति** | **विषय विवरण** | **निकायको नाम** | **रकम** |
|---|---|---|---|---|
| १ | २३९९।०८०।०३।१९ | आकाश थापा मगर लागु औषध दुर्व्यसनमा फसेको पुनस्थापन केन्द्र राखेको खर्च रकम आर्थिक सहायता | परिवर्तन नेपाल पुर्नस्थापन केन्द्र | २०००० |
| २ | २३९३।०८०।०३।१९ | जिल्ला भेलामा सहायता रकम भुक्तानी | अखिल नेपाल महिला संघ (कान्तिकारी) | २५००० |
| ३ | २४४४।०८०।०३।२० | संस्थामा आवद्ध शिक्षक शिक्षिकाहरुलाई सम्मान कार्यक्रम | नेपाल निवृत्त शिक्षक समाज | १५००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | २४४।०८०।०३।२० | काठमाण्डौमा आयोजना हुने राष्ट्रिय सम्मेलनको व्यवस्थापनका लागी सहायता रकम भुक्तानी | नेपाल दलित मुक्ति मोर्चा | १५००० |
| ५ | २४३७।०८०।०३।२० | प्रथम गण्डकी प्रदेश सम्मेलन गर्नको लागि सहायता रकम भुक्तानी | नेपाल राष्ट्रिय अभिभावक संघ गण्डकी प्रदेश समिति | १२००० |
| ६ | २२७६।०८०।०३।१३ | वाद्यवादनको सामाग्री खरिदको लागि आर्थिक सहायता रकम भुक्तानी | गामबेसी साँस्कृतिक कला केन्द्र | १००००० |
| ७ | २१६४।०८०।०३।०६ | भ्रमणमा गएको अनुत्पादन खर्चमा भएको खर्च | कालिका छात्र परिषद/ कालिका संस्कृत विद्या पिठ | ३०००० |
| ८ | २१८५/२०८०/०३/०७ | मालपोत कार्यालय, कावासोतीलाई ३३० थान मोठ बान्डिङ्ग गर्नको लागि सहायता रकम भुक्तानी | मालपोत कार्यालय, कावासोती | १४७१८० |
| ९ | ३१८।०७९।०६।१३ | मालपोत कार्यालयलाई तामेली लिखत रिवाईण्डिङ्ग गरेको विल भुक्तानी | मालपोत कार्यालय, कावासोती | १४७१८० |
| १० | २१०८/२०८०/०३/०१ | दलित जागरण तथा सशक्तिकरण कार्यक्रम सम्पन्न गर्नको लागि रकम भुक्तानी | नेपाल दलित मुक्ति अभियान | १००००० |
| ११ | २२००।०८०।०३।०८ | वडा ४ जेष्ठ नागरिकका लाग सत्तसङ्ग व्यवस्थापन गर्न | श्री सिद्धिविनायक गणेश पाञ्चयन मन्दिर | ५०००० |
| १२ | १९०८।०८०।०२।०९ | नवलपुर जिल्ला अदालत कावासोतीलाई कार्यालय सामाग्री कम्प्युटर, प्रिन्टर लगायत का सामाग्री खरिद गर्नको लागि रकम भुक्तानी | नवलपुर जिल्ला अदालत कावासोती | ९९५०० |
| १३ | १८४३।०८०।०२।५ | प्रथम राष्ट्रिय महाधिवेशन खर्च रकम भुक्तानी | एकीकृत ट्रेड यूनियन महासंघ, नेपाल | २५००० |
| १४ | १६१८/२०८०/०१/२५ | कृषि क्षेत्रमा नीतिगत सुधार र कार्यान्वयनमा किसानहरुको उत्तरदायीत्व एवम् पहलकदमी सम्बन्धी अन्तरक्रिया सहयोग | अखिल नेपाल किसान महासंघ | ५०००० |
| १५ | १६०९/२०८०/०१/२४ | गण्डकी प्रदेश स्तरीय राष्ट्रसेवक सहकारीहरुको ३ दिने भेलाको लागि सहयोग रकम | नेपाल निजामती कर्मचारी संगठन, नवलपरासी (वसू.पू.) | ३०००० |

| | | | | |
|---|---|---|---|---|
| १६ | १६१३।०८०।०१।२४ | वडा २ को कालिगण्डकी चोक नजिकै वेवारीसे फेला परेको ३ महिनाको वच्चालाई संरक्षणको लागि राखीएको हुँदा सामान्य खर्च रकम | आदर्श होम नेपाल | १५००० |
| १७ | १५७५।०८०।०१।२० | २०८० सालको भित्ते पात्रो प्रकाशन गरेको रकम भुक्तानी | नेपाल निजामती कर्मचारी युनियन | २०००० |
| १८ | १३८३।०७९।१२।२१ | रक्त संचार सेवाको दिगो संचालन तथा व्यवस्थापन गर्नको सहयोग रकम भुक्तानि | नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार कावासोती | १००००० |
| १९ | १३७६।०७९।१२।२० | जिल्ला कार्य समिति नवलपरासी (ब.सु.पू.) को जिल्ला अधिवेशन२०७९ र सास्कृतिक कार्यक्रमको रकम भुक्तानी | नेपाल दराई (दरै) उत्थान समाज | ३५००० |
| २० | १०९२।०७९।११।५ | रेडियोको वाह्रौ वार्षिक उत्सवको प्रयोजक खर्च रकम भुक्तानी | सगरमाथा संचार सेवा रेडियो देवघाट | ३०००० |
| २१ | १०३६।०७९।१०।२५ | नवलपुरको संचार क्षेत्रको विकास विषयक अन्तरक्रिया कार्यक्रमको रकम भुक्तानी | नेपाल पत्रकार महासंघ | १००००० |
| २२ | ६४०।०७९।०८।२१ | वृद्धआचार्य अभिनन्दन समारोह गरेको विल भुक्तानी | श्रीमद् रामानुज वेद विद्याश्रम | ५१००० |
| २३ | ३९५।०७९।०७।०३ | सहायता रकम भुक्तानी | राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन | ३५०० |
| २४ | १४८।०७९।०५।२८ | २ दिवसिय जीवन उपयोगी सिपमा आधारित तालिम सहायता रकम भुक्तानी | प्राज्ञिक विद्यार्थी परिषद नेपाल | ४५०० |

| | |
|---|---|
| अनियमित भएको | १२,२४,८६० |

५९ **सम्बन्धित पाटिको नाम EFT नगरि भुक्तानी गरिएको** -अर्थ मन्त्रालयको नीतिगत मार्गदर्शनमा आन्तरीक नियन्त्रणलाई प्रभावकारी वनाउनको लागि भुक्तानी दिदा एकाउन्ट पेयी चेक मार्फत सम्बन्धित फर्म तथा संस्थालाई भुक्तानी दिनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले विभिन्न मर्मत कार्यको भुक्तानी तथा कार्यक्रम सन्चालन गर्नको लागि सम्वन्धीत फर्म तथा संस्थालाई भुक्तानी नदिई कार्यालयका कर्मचारी तथा पदाधिकारीलाई भुक्तानी दिएको छ। सम्वन्धितलाई नै भुक्तानी हुने गरी लेखा व्यवस्थापन गर्नुपर्दछ। यसरी कर्मचारी तथा पदाधिकारीलाई भुक्तानी दिई अनियमित देखिएको रु

| क्र.स. | गो.भौ नं. / मिति | विवरण | भुक्तानी लिने व्यक्ति | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १९६१।०८०।०२।१८ | वडा ३ को अतिथि सत्कार रकम व्यक्तिको नाम भुक्तानी | मौशम न्यौपाने | ११७७० |
| २ | १९६०।०८०।०२।१७ | वडा १८ को वडा कार्यालयको जिन्सी सामाग्री रिभल्सीङ्ग चियर लगायत सामाग्री खरिद | विष्णु प्रसाद ढकाल | ११७६४१ |
| ३ | १९०७।०८०।०२।०८ | वडा १७ को कार्यालय सामाग्री खरिद रकम वडा सचिवको नाममा भुक्तानी | सुमन पौडेल | २९५४७ |
| ४ | १६४४।०८०।०१।२८ | वडा ११ को खेलकुद, ७५ वर्ष माथीका आमाहरुको सम्मान खर्च सम्बन्धितको खातामा भुक्तानी नभएको | संझना रिमाल | ३८५०० |
| ५ | १५७०।०८०।०१।१९ | वडा ९ को जेष्ठ नागरिक लक्षित कार्यक्रम रकम भुक्तानी | तेजेन्द्र प्रसाद सुवेदी | २७७७७ |
| ६ | १५७१।०८०।०१।१९ | बंगुरको पाठापाठी खरिद गर्दाको रकम व्यक्तिको नाममा भुक्तानी | जस बहादुर दर्जि | २७७५० |
| ७ | ९१३।०७९।१०।०३ | वडा ३ को पाहुनाहरुको खाना खाजा खर्चको रकम भुक्तानी | गोपाल आचार्य | २३४५० |
| ८ | ८५९।०७९।०९।१९ | वडा ८ को विभिन्न सामाग्रीको रकम भुक्तानी | राधा पौडेल लम्साल | २७४८० |
| ९ | ८४१।०७९।०९।१७ | वडा ९ सिलिङ्ग पाङ्खा कुलर लगायत सामाग्रीको विल भुक्तानी | चन्द्र प्रसाद भुसाल | ५२६९१ |
| जम्मा रकम | | | ३५६६०६ | |

| | |
|---|---|
| अनियमित भएको | ३,५६,६०६ |

